उमाकुण्ड गाउँपालिका

स्थानीय राजपत्र

(उमाकुण्ड गाउँपालिकाद्धारा प्रकाशित)

खण्डः१० संख्याः ५ मितिः २०८३/०५/०५

भाग-२

एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्ययविधि, २०८३

उमाकुण्ड गाउँपालिकाले घाइते, गर्भवती तथा सुत्केरी महिलाहरु एवं विभिन्न प्रकारका दैवी प्रकोप वा विपद्का समयमा अति अशक्त इमरजेन्सी बिरामी तथा अन्य विरामीहरुको लागि पर्न सक्ने स्वास्थ्य समस्याबाट सुरक्षित राख्ने उद्देश्यले आकस्मिक उपचारका लागि एम्बुलेन्स सेवा प्रदान गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको स्वास्थ्य सम्बन्धी हकलाई मध्येनजर गरी प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम उमाकुण्ड गाउँकार्यपालिकाको मिति २०८३।०५।०५ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयबाट स्वीकृत गरी लागू गरिएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "एम्बुलेन्स सेवा संचालन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

३. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "एम्बुलेन्स" भन्नाले उमाकुण्ड गाउँपालिकाले संचालन गरेको एम्बुलेन्सलाई जनाउनेछ ।

ख)"ऐन" भन्नाले स्थानीय सरकार सञ्चचालन ऐन, २०७४ लाई जनाउँदछ ।

ग) "गाउँपालिका" भन्नाले उमाकुण्ड गाउँपालिकालाई जनाउँछ ।

घ) "समिति" भन्नाले एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन संचालन गर्न गठन गरिएको समितीलाई सम्झनु पर्दछ ।

ङ) "कार्यपालिका" भन्नाले उमाकुण्ड गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले उमाकुण्ड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

छ)"तोकिएको वा तोकिए बमोजिम" भन्नाले उमाकुण्ड गाउँपालिकाको समिती तथा उमाकुण्ड गाउँकार्यपालिकाको बैठकले निर्णय गरी समय समयमा तोकिदिए बमोजिम सम्झनुपर्दछ ।

३. उद्देश्यः (१) यस कार्यविधिका प्रमुख उदेश्यहरू निम्नानुसार रहेका छन् ।

क) गर्भवती तथा सुत्केरी महिलाहरुका लागि आकस्मिक रुपमा निशुल्क एम्बुलेन्स सेवाको पहुँच वृद्धि गरी मातृशिशु मृत्युदरलाई न्यूनिकरण गर्नु ।

ख) अन्य विरामीको हकमा पनि आवश्यकता अनुसार सेवा प्रदान गर्नु।

ग) गाउँपालिकाको आफ्नो एम्बुलेन्सको संञ्चालन व्यवस्थित तरिकाले गरी नियमानुसार सञ्चालन गर्नु।

परिच्छेद-२

एम्बुलेन्स सञ्चालन सम्बन्धी व्यवस्था

४. गाउँपालिकाले आफैले सञ्चालन गर्दाः (१) गाउँपालिका आफै सञ्चालन गर्दा देहायका विषय सुनिश्चित हुनुपर्नेछ,

क) चौबिसै घण्टा खटिन हलुका सवारी चालक १ जना रहनेछ, आवश्यकता परको खण्डमा थप जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

ख) वार्षिक रुपमा मोबाइल वा टेलिफोन एवं मर्मत सम्भार तथा इन्धनको व्यवस्था भएको,

ग) जिल्ला एम्बुलेन्स समितिबाट निर्धारण गरिएका आवश्यक अन्य विषयहरु लागु हुनेछ।

(२) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनका लागि एउटा छुट्टै कोष खडा गरिनेछ सो कोषमा प्रत्येक वर्ष गाउँपालिकाले वार्षिक बजेटबाट आवश्यक रकम जम्मा गरी कोषको बृद्धि गरिनेछ।

(३) एम्वुलेन्स सञ्चलानमा रहेका एम्बुलेन्स संञ्चालन तथा व्यवस्थापन कोषमा वार्षिक रुपमा गाउँपालिकाले जम्मा गर्ने रकमका अतिरिक्त एम्बुलेन्स सेवा शुल्क, एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त अनुदान, आर्थिक सहयोग जस्ता रकम समेत जम्मा गरिनेछ। सो कोषको वैंक खाता सञ्चालन एम्वुलेन्स सञ्चालनमा रहेको स्वास्थ्य संस्थाको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष र सदस्य सचिव को सामुहिक नाममा गरिनेछ। सोही कोषबाट एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनका लागि खर्च गरिनेछ र बजेट पर्याप्त भएमा आवश्यक जनशक्ति व्यवस्थापनको लागी खर्चहरु गर्न सकिनेछ।

(४) गाउँपालिकाको स्वास्थ्य संस्थाहरुले सञ्चालन गरेको एम्बुलेन्स सेवा गाउँपालिकाको नियमानुसार संचालन गर्नुपर्नेछ ।

५. अन्य संघ संस्था तथा निजी क्षेत्रद्वारा सञ्चालनः

(१) गाउँपालिकाले शर्त सहित सम्झौता गरी कुनै पनि गैर नाफामुलक, इच्छुक एम्वुलेन्स सञ्चालन गर्न सक्ने संघ संस्था तथा निजी क्षेत्रहरुबाट सेवा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा(१) बमोजिम संस्था छनौट गर्न कम्तीमा ७ दिनको सार्वजनिक सूचना ,स्थानीय पत्रपत्रिका, गाउँपालिकाको वेवसाईट, फेसबुक पेज लगायतमा सूचना प्रकाशन गरी प्राप्त प्रस्तावहरु मध्ये कुनै एकलाई छनौट गर्नु पर्नेछ ।

(३) छनौटका आधारहरुमा संस्थागत क्षमता, अनुभव, लागत साझेदारी,प्रस्तावित रकम र मितव्ययीयतालाई विशेष ध्यान दिइ प्रस्तावको मुल्याङ्कन कार्यालयले गर्नेछ ।

(४) छनौट भएको संस्थालाई गाउँ कार्यपालिकाको निर्णयानुसार सम्झौता गरी एम्बुलेन्स सञ्चालनका लागि हस्तान्तरण गरिनेछ ।

(५) संस्था मार्फत एम्बुलेन्स सञ्चालन गर्दा यसरी छनौट भएको संस्था र गाउँपालिकाद्वारा सञ्चालित एम्बुलेन्स भनी एम्बुलेन्सको देखिने भागमा लेख्नु पर्नेछ ।

(६) एम्बुलेन्स सेवा शुल्क जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति रामेछाप को निर्धारित दररेट लाई आधार मानि पालिका स्तरिय एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितीले भौगोलिक अवस्थालाई मध्येनजर गरी छुट्टै निर्धारण गरेवमोजिम हुनेछ ।

(७) एम्बुलेन्स सेवा २४ सै घण्टा सञ्चालनको जिम्मेवारी प्रस्तावक संस्थाको हुनेछ।

(८) एम्वुलेन्समा जुनसुकै कारणले क्षति हुन वा हानी नोक्सानी हुनगएमा यसको व्ययभार प्रस्तावक संस्थाले बहन गर्नुपर्नेछ।

(९) नियमानुसार गाउँपालिकामा दर्ता तथा नवीकरण गरी सञ्चालन गर्नुपर्नेछ ।

६. पालिकास्तरिय एम्बुलेन्स व्यवस्थापन निर्देशक समितिः १) पालिकास्तरीय एम्बुलेन्सको सञ्चालन, व्यवस्थापन, अनुगमन, सुपरीवेक्षण तथा उद्देश्य अनुसारका काममा प्रयोग गर्न देहाय बमोजिमको समिति रहनेछ।

क) गाउँपालिका उपाध्यक्ष	-संयोजक
ख) प्रमुख प्रशासकीय अधिकृत	- सदस्य
ग) सामाजिक विकास समितिको संयोजक	- सदस्य
घ) आर्थिक प्रशासन शाखा	- सदस्य
ङ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख	- सदस्य सचिव

च) गाउँपालिका अध्यक्ष समितिको संरक्षक रहनेछ ।

(२) पालिकास्तरिय एम्बुलेन्स व्यवस्थापन निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) स्वास्थ्य संस्थामा सञ्चालनरत एम्बुलेन्स सञ्चालन व्यवस्थापन गर्ने सेवा प्रदायक निकायको नियमन गर्ने र देखिएका समस्या समाधानमा सहजिकरण गर्ने ।

ख) एम्बुलेन्सको सहि सदुपयोग गराउने तथा २४ सै घण्टा एम्बुलेन्स सञ्चालनको सुनिश्चितताको व्यवस्था मिलाउने ।

ग) एम्बुलेन्स सेवा दिन नसकिने स्थानका विरामीका लागि वैकल्पिक यातायात साधनको प्रवन्ध गर्ने।

घ) यस समितिबाट भए गरेको गतिविधि तथा एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धीको अर्धवार्षिक रुपमा प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

ङ) कार्यपालिकाले जिम्मेवारी दिएको क्षेत्रगत अन्य कार्यमा सहयोग एवं सहजीकरण गर्ने ।

च) स्वास्थ्य संस्थाहरुवाट सञ्चालित एम्बुलेन्सबाट भएको आम्दानी तथा खर्चलाई बैकिङ प्रणालीबाट भए, नभएको एकिन गर्ने र सोही प्रणालीबाट गराउने व्यवस्था मिलाउने।

ज) वडा तथा संस्थामा सञ्चालित एम्बुलेन्सको अनुगमन, नियमन गर्ने ।

झ) वडा तथा स्वास्थ्य संस्थाहरुमा सञ्चालित एम्वुलेन्सको सम्पुर्ण गतिविधिहरुको (आर्थिक आय व्यय, भौतिक अवस्था, अन्य आवश्यक गतिविधीहरु) अर्धवार्षिक रुपमा वैठक सञ्चालन गरी समिक्षा गर्ने ।

ञ) स्वास्थ्य संस्थामा सञ्चालित एम्बुलेन्स सञ्चालन समितिको रहेको कोषको अनुगमन नियमिन गर्ने।

७.स्वास्थ्य संस्थास्तरीय समिति सम्बन्धि व्यवस्थाः (१) स्वास्थ्य संस्था स्तरिय एम्बुलेन्सको सञ्चालन, व्यवस्थापन, अनुगमन, सुपरीवेक्षण तथा उदेश्य अनुसारका काममा प्रयोग गर्न देहाय बमोजिमको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

क) स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाको वडा अध्यक्ष संयोजक

ख) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

ग) सम्वन्धित स्वास्थ्य संस्था प्रमुख -सदस्य सचिव

(२) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) एम्बुलेन्स सञ्चालन व्यवस्थापन गर्ने सेवा प्रदायक निकायको नियमन गर्ने र देखिएका समस्या समाधानमा सहजिकरण गर्ने ।

ख) एम्बुलेन्स सहि सदुपयोग गराउने तथा २४ सै घण्टा एम्बुलेन्स सञ्चालनको सुनिश्चितताको व्यवस्था मिलाउने ।

ग) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कोषको परिचालन तथा सम्बन्धित क्षेत्रको प्रवर्द्धनमा खर्च गरी सोको विवरण पालिका स्तरिय एम्बुलेन्स व्यवस्थापन निर्देशक समिति समक्ष पेश गर्ने।

घ) एम्बुलेन्स सेवा दिन नसकिने स्थानका विरामीका लागि वैकल्पिक यातायात साधनको प्रवन्ध गर्ने।

ङ) यस समितिबाट भए गरेको गतिविधि तथा एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धीको त्रैमासिक प्रतिवेदन पालिका स्तरिय एम्वुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ।

च) कार्यपालिकाले जिम्मेवारी दिएको क्षेत्रगत अन्य कार्यमा सहयोग एवं सहजीकरण गर्ने ।

छ) एम्बुलेन्स सञ्चालनबाट भएको आम्दानी तथा खर्चलाई बैकिङ प्रणालीबाट गर्ने व्यवस्था मिलाउने।

परिच्छेद ३

कर्मचारी व्यवस्थापन

८) कर्मचारी नियुक्ति (१) एम्बुलेन्स सञ्चालनका लागि तोकिए बमोजिमको योग्यता र अनुभवको आधारमा एक जना हलुका सवारी चालक सेवा करार वा भर्ना गरिनेछ । आवश्यकता अनुसार अन्य जनशक्ति करारमा नियुक्ति गर्न सकिनेछ ।

२) सवारी चालकको सेवा तथा शर्तहरुः(१) एम्बुलेन्स चालकले गाउँकार्यपालिकाको कार्यालयले तोके अनुसार तलब सुविधा पाउनेछ। प्रोत्साहन भत्ता बापत प्रति पटके एम्बुलेन्स भाडा रकमको १० प्रतिशत भुक्तानी पाउनेछ । एम्बुलेन्स चालकको अन्य सुविधा एम्बुलेन्स सञ्चालन कोषबाट व्यहोरिनेछ।

९)आचरणः एम्बुलेन्स चालकले देहाय बमोजिमको आचरण पालना गर्नुपर्नेछ।

(१) एम्बुलेन्सको उचित तरिकाले सञ्चालन, रेखदेख र संरक्षण गर्ने ।

(२) एम्बुलेन्स सञ्चालन भएको अवधि र खपत इन्धन अभिलेख दुरुस्त राख्ने । प्रत्येक सात सात दिनमा जम्मा भएको रकम एम्बुलेन्स सञ्चालन कोष खातामा जम्मा गर्ने।

(३) एम्बुलेन्स सञ्चालन गर्ने अनुमति भएको ठाँउ भन्दा अन्यत्र सञ्चालन गर्दा समितिको पूर्व स्वीकृती लिएर मात्र सञ्चालन गर्ने ।

(४) एम्बुलेन्सको नियमित सरसफाई, चेकजाँच, गरी अध्यावधिक राख्ने र मर्मतका लागि सम्बन्धित शाखामा सूचना गर्ने।

(५) सवारी सञ्चालनका क्रममा हुन सक्ने सम्भावित दुर्घटना र जोखिम उपर पूर्व सावधानी अपनाउने।

(६) एम्बुलेन्स सञ्चालन तथा बीमा सम्बन्धमा समय समयमा आर्थिक प्रशासन शाखामा जानकारी गराउने ।

(७) समय समयमा एम्बुलेन्स सञ्चालन समिति एंव प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशन बमोजिम गर्ने।

(८) अवकाश दिन सक्नेः कार्य सम्पादन सन्तोषजनक नभएमा ।

परिच्छेद- ४

विविध

१०. सञ्चालन विधिः एम्बुलेन्स सञ्चालनको लागि गाउँपालिकाको सम्पुर्ण स्वास्थ्य संस्थाहरु आफैले नियमानुसार समिति गठन गरि सञ्चालन गर्न सक्नेछ र अन्य संस्था मार्फत गर्ने भन्ने विधि दफा ६ बमोजिमको समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णयानुसार तय हुनेछ ।

११. एम्बुलेन्स भाडा दर निर्धारणः १) उमाकुण्ड गाउँ कार्यपालिकाले तोके बमोजिम एम्बुलेन्सको भाडा दर हुनेछ ।

१२. छापः (१) पालिका स्तरिय एम्बुलेन्स व्यवस्थापन निर्देशक समितिको छाप अनुसूची-१ बमोजिम हुनेछ।

१३. पत्र ढाँचाः (१) पालिका स्तरिय एम्बुलेन्स व्यवस्थापन निर्देशक समितिको लेटर प्याड अनुसूची-२ बमोजिम हुनेछ।

१४. एम्बुलेन्स लक बुकः (१)एम्वुलेन्स सञ्चालन तथा व्यवस्थापनका लागी अनुसुची-३ वमोजिम लक वुक हुनेछ ।

१५. एम्बुलेन्स भाडा रसिदः (१) एम्वुलेन्स सञ्चालन तथा व्यवस्थापनका लागी अनुसुची-५ बमोजिमको रसिद प्रयोग गरी एम्बुलेन्स वाट प्राप्त रकम लाई चुस्तदुरुस्त रुपमा रेकर्ड राख्नुपर्नेछ ।

१६. संशोधनः (१) गाउँ कार्यपालिकाको बैठकको निर्णयले यस कार्यविधि संशोधन गर्न सकिने छ।

१७. बाधा अड्काउ फुकाउनेः (१) यस कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा परेमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

१८.बचाउः (१) एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्ययविधि,२०८३ बमोजिम भए गरेका सम्पुर्ण काम कारवाहि यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

अनुसुची-१

दफा १२ को उपदफा (१) सँग सम्वन्धित

उमाकुण्ड गाउँपालिका

स्वास्थ्य संस्थाको नाम

एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति

उमाकुण्ड....., ... रामेछाप

बागमती प्रदेश नेपाल

अनुसूची-२
दफा १३ सँग सम्वन्धित

उमाकुण्ड गाउँपालिका

स्वास्थ्य संस्थाको नाम

एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति

उमाकुण्ड....., ...रामेछाप

बामगती प्रदेश नेपाल

प.सं. .....

च.नं. ..... मितिः.....

.....

अनुसुची- ३
दफा १४ सँग सम्बन्धित
एम्बुलेन्स दैनिक यात्रा तथा लगबुक ढाँचा

संस्था/अस्पतालको नाम:	
एम्बुलेन्स नम्बर:	
चालकको नाम:	

क्र.सं.	मिति	बिरामीको नाम र ठेगाना	कहाँबाट (From)	कहाँसम्म (To)	सुरुको किलोमिटर (Start KM)	अन्तिम किलोमिटर (End KM)	जम्मा किलोमिटर (Total KM)	बिरामीको अवस्था / कैफियत	चालकको हस्ताक्षर
१									
२									
३									
४									
५									
६									
७									
८									

इन्धन (Fuel) सम्बन्धी विवरण:	
हालेको तेल (लिटर):	
बिल नम्बर:	
तेल हाल्दाको किलोमिटर:	
आम्दानी/खर्च विवरण:	
लिएको भाडा/शुल्क (रु.):	
रसिद नम्बर:	
अक्सिजन र आकस्मिक सामान जाँच:	
अक्सिजन सिलिन्डर स्टक (भरिएको/खाली):	
प्राथमिक उपचार बक्स (First Aid Kit) ओके छ/छैन:	

पान नं. .....

उमाकुण्ड गाउँपालिका

स्वास्थ्य संस्थाको नाम

एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति

उमाकुण्ड....., ...रामेछाप

बामगती प्रदेश नेपाल

एम्बुलेन्स सेवा रसिद

रसिद नं.....

मितिः.....

.....

बिरामीको विवरण:

बिरामीको नाम: .....

उमेर/लिङ्ग: ..... / .....

सम्पर्क नम्बर: .....

ठेगाना: .....

यात्राको विवरण:

कहाँबाट (From): .....सुरु दुरीः.....कि.मी.

कहाँसम्म (To): .....अन्तिम दुरीः.....कि.मी.

कुल दूरी (Total Distance): ..... कि.मी. (KM)

एम्बुलेन्स नम्बर: .....

क्र.सं.	विवरण (Particulars)	परमाण	दर	जम्मा रकम
१	न्यूनतम/सुरुवाती शुल्क (Base Fare)			
२	जम्मा कि.मी. शुल्क (Distance Charge)			
३	अक्सिजन/मेडिकल सामग्री शुल्क (Oxygen/Medical Supplies)			
४	रात्रिकालीन/अन्य अतिरिक्त शुल्क (Extra/Night Charges)			
			कुल जम्मा(Total Amount)	
अक्षेरमा रु.:-				

भुक्तानीको प्रकार: [ ] नगद (Cash) / [ ] अनलाइन (Fonepay/Esewa) / [ ] कार्ड (Card)

बुझिलिनेको हस्ताक्षर: .....

(काउन्टर सहायक/चालक)

आज्ञाले

एकराज कुलुङ

प्रमुख प्रशासकीय अधिकृत